**मिति २०७८।०४।०३गते बसेको ८० औं कार्यापालिका बैठकका निर्णयहरु :**

**निर्णय नं.१**

भुमि सम्वन्धि समस्या समाधान आयोगले भुमिहिन दलित,भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासको व्यवस्थापन गर्ने प्रयोजनको लागि नीति तथा कार्यक्रम अगाडी वढाई रहेकोले यस गाउँपालिकामा पनि भुमिहिन दलित,भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवास गरेका जो कोही व्यक्तिहरुको अनुसूचि ३ (भुमिहिन दलित र भुमिहिन सुकुम्वासी) र अनूसुचि ४(अव्यवस्थित वसोवास) निवेदन वडामा  संकलन गरी मिति २०७८।०५।०४ गते भित्र यस कार्यलयमा पठाउने निर्णय गरियो । साथै भुमिहिन दलित ,भुमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको पहिचान,लगत संकलन,प्रमाणिकरण तथा नाप नक्सा गर्ने कार्यमा सहयोग र सहजीकरण गर्नको लागिग देहाय वमोजिम भूमि सम्वन्धि समस्या समाधान सहजीकरण समिति गठन गर्ने निर्णय गरियो ।

**सहजीकरण समिति**

१. श्री निमकान्त डाँगी - स्थानीय तहको अध्यक्ष -संयोजक

२.श्री हित कुमारी बुढामगर-स्थानीय तहका उपाध्यक्ष-उपसंयोजक

३.ने.क.पा.एमाले पार्टी प्रतिनिधि -सदस्य

४.ने.का.पार्टी प्रतिनिधि-सदस्य

५.ने.क.पा.माओवादी केन्द्र पार्टी प्रतिनिधि-सदस्य

६.श्री विष्णु सुनाम- कार्यपालिका सदस्य दलित- सदस्य

७.श्री कल्पना विष्ट-कार्यपालिका सदस्य,महिला-सदस्य

८.श्री ओम प्रसाद बुढा-संघ,सस्था तथा संगठन वा नारिक समाजका प्रतिनिधि-सदस्य

९.श्री डिल्ली खड्का-प्रमुख प्रशासकीय अधिकृत-सदस्य सचिव

**निर्णय नं.२**

यस परिवर्तन गाउँपालिकाको आ.व.२०७८/०७९ को. योजना तथा कार्यक्रम संचालनको लागि देहायको अनुसुचि वमोजिमको स्थानीय दर रेट स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

परिवर्तन गाउँपालिकाको आ.व.२०७७/०७८ योजना तथा कार्यक्रमहरुको समिक्षा गर्दा संघ तथा प्रदेशवाट प्राप्त हुने शशर्त अनुदान तर्फको वजेट फिर्ता गएकोले यस चालु आ.व.२०७८/०७९ मा शशर्त अनुदानको योजना तथा कार्यक्रमलाई समयमा छिटो. छरितो तथा पारदर्शि ढंगले योजना तथा कार्यक्रम कार्यन्वयन गर्ने निर्णय गरि आम्दानी ,खर्च र फिर्ता भएको रकमलाई देहाय वमोजिम रहेको व्यहोरा अवगत गराउने निर्णय गरियो ।

| क्र.स. | आम्दानी शिर्षक | आम्दानी रकम | खर्च रकम | फिर्ता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | संघीय सरकार(शशर्त अनुदान) | २१,५०,६५,०८०। | १८,४८,१७,१६४।८४ | ३०२४७९१५।१६ | |
| २ | संघीय सरकार( विशेष अनुदान) | १,४३,१६,७०२। | १,४२,७०,०७८।६० | ४६,६२३।४० | |
| ३ | संघीय सरकार( समपुरक अनुदान) | ५८,००,०००। | ५०,३३,०३८।८४ | ७६६९६१।१६ | |
| ४ | प्रदेश सरकार(शशर्त अनुदान) | १,६८,४०,१३४। | १,४१,०८,०६७।५७ | २७,३२,०६६।४३ | |
| ५ | प्रदेश सरकार( विशेष अनुदान) | ५९,५०,०००। | ५६,३६,१४४।५० | ३,१३,८५५।५० | |
| ६ | प्रदेश सरकार( समपुरक अनुदान) | १,४६,५४,०००। | १,१५,६७,१८८।५८ | ३०,८६,८११।४२ | |
| ७ | नेपाल सरकार- समानिकरण अनुदान | ८,६७,००,०००। | ७,७२,२१,१७५।२७ | ० | |
| ८ | प्रदेश सरकार -समानिकरण | ५०,८२,०००। | ३७,२७,६२९।४५ | ० | |
| ९ | नेपाल सरकार- राजश्व बाँडफाँड अनुदान | ६,९२,७८,१९७।९१ | ५,५५,४२,७१३।५३ | ० | |
| १० | प्रदेश सरकार -राजश्व बाँडफाँड | ३५,६०,४९५।४२ | २३,६६,३१६। | ० | |
| ११ | आन्तरिक श्रोत/आन्तरिक नगद | १,५२,७७,३०१।९८ | १३५२४२४३।४६ | ० | |
| | **जम्मा** | **४५,२५,२३,९११।३१** | **३८,७८,१३,७६०।६४** | **३७१९४२३३।०७** | |

**निर्णय नं.४**

चालु आ.व.२०७८/०७९ को योजना तथा कार्यक्रमलाई छिटो,छरिटो ढंगवाट कार्यन्वयन गर्नको लागि गाउँसभावाट स्वीकृत योजना तथा कार्यक्रमलाई मिति २०७८/०५/१५ गते भित्र सवै वडाले उपभोक्ता समिति गठन गरि भाद्र मसान्त भित्र उपभोक्त समितिका पदाअधिकारीहरुलाई तालिम संचालन गरिसक्ने निर्णय गरियो ।

**निर्णय नं.५**

विश्वमा माहामारीको रुपमा फैलिईरहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि स्थापना भएको कोभिड अस्थायी अस्पतालमा कार्यरत कर्मचारी स्टाफ नर्स र कार्यलय सहयोगीको करार म्याद समाप्त भएको र कोभिडको संक्रमण नरोकिएकोले उक्त अस्पताल संचालनको लागि स्वास्थ्य चौकीहरुवाट आलोपालो हुने गरी अ.हे.व./हे.अ./अ.न.मी.-१ ,ल्याव सहायक-१ र कार्यालय सहयोगी -१ लाई काभिड १९ अस्पतालमा काम गरे वापत ५० प्रतिशत जोखिम भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.७**

यस परिवर्तन गाउँपालिका अन्तरगत रहेका स्वास्थ्य संस्था,वडा कार्यालय र गाउँपालिका अन्तरगतका करार कर्मचारीहरुको करार म्याद थपको लागि कार्य सम्पादनको आधारमा आवश्यक कागजात सहित गाउँपालिका गर्ने र विद्यालय शिक्षक कर्मचारी अनुदान कार्यविधि २०७७ वमोजिम नियुक्ति पाई कामकाज गर्दै आएका करार शिक्षक तथा कर्मचारीको कार्यसम्पादनको आधारमा वि.व्य.स.द्धरा निर्णय गरि प्रधानाध्यापकवाट ६/६ महिनाको करार म्याद थप गर्ने ।

**निर्णय नं.८**

यस गाउँपालिकाको गत आ.व.२०७७/०७८ को लैंगिक समानता र सामाजिक समावेशिकरण परीक्षण सम्वन्धि कार्य लुम्विनी प्रदेश प्रशिक्षण प्रतिष्ठान द्धारा छनौट भएका ग्रामिण विकास तथा सचेतना समाज नेपालको विज्ञ मार्फत सम्पन्न भईसकेकोले परीक्षण प्रतिवेदन छलफल गरी पारित गरियो ।

**निर्णय नं.९**

यस गाउँकार्यपालिकाको ७९ औ वैठकको निर्णय नं... अनुसार पद मुक्त गरिएका दरवन्दी विहिन तपसिलका कर्मचारीहरुलाई गाउँपालिका तथा वडाकार्यालयको कार्यवोझको आधारमा कार्यालय सहयोगी आवश्यक पर्ने भएकोले कार्यालय सहयोगी पद संख्या ४ स्वीकृत गरी कार्य सम्पादनको आधारमा आगामी ६ महिनाको लागि करार नियुक्ति गर्ने निर्णय गरियो ।

**तपसिल**

| क्र.स. | नाम थर | ठेगाना | पद | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भिम बहादुर वली क्षेत्री | परिवर्तन ५ रोल्पा | कार्यालय सहयोगी | करार |
| २ | श्री धनसिंह वली | परिवर्तन २ रोल्पा | कार्यालय सहयोगी | करार |
| ३ | श्री तारा प्रसाद रोकामगर | परिवर्तन १ रोल्पा | कार्यालय सहयोगी | करार |
| ४ | श्री भरत घर्तिमगर | परिवर्तन २ रोल्पा | कार्यालय सहयोगी | करार |

**निर्णय नं १०**

यस परिवर्तन गाउँपालिकाको आ.व.२०७८/०७९ का लागि गाउँसभावाट स्वीकृत योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि रु ५ लाख सम्म वजेट विनियोजन गरिएका योजनाको अनुगमन मुल्याङकन गर्न वडा स्तरिय अनुगमन समितिलाई अनुगमन गर्ने अधिकार प्रत्योजन गर्ने निर्णय गरियो ।

**निर्णय नं ११**

यस परिवर्तन गाउँपालिकाको सभाद्धरा स्वीकृत गा.पा.तथा वडागत योजना तथा कार्यक्रम कार्यन्वयन गर्ने सन्दर्भमा योजनाको लागत रकम रु ५ लाख सम्मका योजनाहरु अनुगमन तथा मुल्याङकन गर्ने प्रत्योजित अधिकारको लागि देहाय वमोजिमको वडा स्तरिय अनुगमन समिति गठन गर्ने निर्णय गरियो ।

१. वडा अध्यक्ष -संयोजक

२.सम्वन्धित योजना टोलको वडा सदस्य-सदस्य

३.महिला/ दलित वडा सदस्य -सदस्य

४.सम्वन्धित वडाको वडा प्राविधिक -सदस्य

५.वडा सचिव -सदस्य सचिव